जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.ह.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १५६ | २०८१ साल माघ ४ गते शुक्रबार (17 Jan. 2025 Friday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थतन्त्र समृद्धिको ढोका, ... ३ पृष्ठमा : मुलुकका विभिन्न स्थानमा ... ३ पृष्ठमा : गाजामा युद्धविराम र बन्धक ...

## खाल्डोमा गाडिएको बालिकाको शव बाहिर भेटिएपछी ...

**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

राजविराज नगरपालिका वडा नं. १५ देउरी भरुवा टोलस्थित खाँडो नदीमा बिहीबार बिहान एक दुई वर्षिया बालिकाको शव क्षतविक्षत अवस्थामा भेटिएको छ ।

प्रहरीका अनुसार तीन दिन अघि डुबेर मृत्यु भएको बालिकाको गाडीएको शव क्षतविक्षत अवस्थामा भेटिएको हो ।

घटना स्थलमा पुगेर प्रहरीले अनुसन्धान गर्दा तीन दिन अघि पुस २९ गते सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकका ५ कोइलाडी बर्साइनमा पोखरीमा डुबेर मृत्यु भएकी दुई वर्षिया साक्षी मण्डलको शव रहेको पत्ता लागेको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतका अनुसार सप्तरीको डाक्नेश्वरी नगरपालिका घर भई तिलाठी कोइलाडी गाउँपालिकास्थित मामा घर आएकी बेला ती बालिका साथीहरुसँग खेल्ने क्रममा अचानक खुट्टा चिप्लिएर पोखरीमा डुबेकी थिइन । उपचारका लागी अस्पताल ल्याउँदै गर्दा उनको मृत्यु भएको थियो ।

पोस्टमार्टम पश्चात उनका आफन्तजनले उक्त टोल नजिकै रहेको खाँडो खोलाको किनारमा शव गाडेका थिए । तर गहिरो खाडल नखनी गाडेपछि स्याल र कुकुर लगायतका जनावरले शव बाहिर निकालेको प्रहरीको भनाई छ ।

शरीरका कतिपय अंग जनावरले खाईसकेको अवस्थामा फेला परेको र सो शव तीन दिन अघि डुबेर मृत्यु भएकी साक्षी कै हो भनी पुष्टी भईसकेपछी पुनः सोही स्थानमा गहिरो खाडल खनेर अन्त्येष्टी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सातै प्रदेशमा पुग्यो एचपिभी खोप

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ माघ ।**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सर विरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खाप सातवटै प्रदेशमा पठाएको छ ।

'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा खोप नेपाल आएपछि सबै प्रदेशमा पठाइएको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा पवनजङ्ग रायमाझीले जानकारी दिएका छने । उनले सबै १७ लाख ७० हजार २० मात्रा खोप नेपाल आइसकेको बताए ।

निर्देशक डा रायमाझीका अनुसार गाभीले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन एचपिभी खोप निःशुल्क उपलब्ध गराएको हो । सङ्घीय सरकारले यही माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई खोप लगाइने जनाएको छ ।

महाशाखाका निर्देशक डा रायमाझीले कोशी प्रदेशमा दुई लाख ७५ हजार एक सय ८० मात्रा, मधेशमा तीन लाख ८० हजार चार सय ६०, बागमती हेटौंडाका लागि एक लाख २५ हजार आठ सय, बागमती भक्तपुरका लागि दुई लाख १८ हजार दुई सय ८० मात्रा पठाइसकिएको जानकारी दिए ।

गण्डकी प्रदेशमा एक लाख ३० हजार आठ सय ७० मात्रा, लुम्बिनीमा दुई लाख ९८ हजार नौ सय १० मात्रा, कर्णालीमा एक लाख २४ हजार चार सय मात्रा र सुदूरपश्चिममा एक लाख ८७ हजार एक सय २० मात्रा खोप पठाइएको छ । प्रदेशले खोपलाई सुरक्षित भण्डारण गर्ने र आआफ्नो जिल्लामा पठाउने उनले बताए ।

उक्त खोप एक मात्रा लगाएपछि पुग्ने महाशाखाका निर्देशक डा रायमाझीले जानकारी दिए । उनका अनुसार नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट हरेक दिन चार जना महिलाको मृत्यु हुने गरेको छ ।

पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरसको सङ्क्रमण रहेकाले त्यसका विरुद्ध खोप लगाउनुपर्ने डा रायमाझीले बताए । नेपालमा सबैभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर र त्यसपछि स्तन क्यान्सर रहेको छ ।

## मुआब्जा समस्या समाधान नगरि रेल विभागले टेन्डर प्रक्रिया अघि बढाउँदा स्थानीयको बिरोध

**दैनिक समाचारदाता**
**महोत्तरी, ३ माघ ।**

अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले टेन्डर प्रक्रिया थालेका कारण महोत्तरीको बर्दिबासका जग्गाधनीले विरोध जनाएका छन् ।

जनकपुर बर्दिबास रेल परियोजना अन्तर्गत बर्दिबास नगरपालिकामा रहने स्टेसन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गरिरहेका १४ घरपरिवारहरूले सीमाङ्कन गरी विवाद समाधान गरी मुआब्जा वितरण गर्न रेल विभागसँग माग गरेका थिए ।

विभागले लामो समयदेखि ती स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाई हतारमा टेन्डर प्रक्रिया थालेका कारण नसक्दा काम अघि बढ्न सकेको छैनर ।

स्टेसन छेउमा रहेको उक्त जग्गा २०२२ सालमा नापीले जापजाँच गरेको थियो । तर, त्यतिबेला लालपुर्जा भने लिन छुटेको थियो । लालपुर्जा लिएको जग्गा २०७८ सालमै प्रतिकठ्ठा ६१ लाख रुपैयाँमा मुआब्जा वितरण भइसकेको छ । तर लालपुर्जा लिन छोडेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको छ ।

रेल विभागका प्रवक्ता कमल कुमार शाह उक्त जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा विभाग प्रस्ट रहेको भए पनि लालपुर्जा नभएको कारण दिन नसकिएको बताउँछन् । उक्त जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरिसकिएको भन्दै उनले तर सरकारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको बताउँछन् ।

सो क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेका छन् । मुआब्जा नपाएकामध्ये एकजना पीडित माधव दाहाल यो जग्गा ऐलानी नभएर नम्बरी नै रहेको भन्दै लालपुर्जा मात्रै लिन छुटेको बताउँछन् । २०७८ सालमा प्रतिकठ्ठा ६१ लाख

*बाँकी तीन पृष्ठमा*

## 'निजामती सेवालाई समयसापेक्ष बनाउन जनसंख्याको बनाबटबारे थप अध्ययन गरौं'

काठमाडौं, ३ माघ (रासस) ।

जानकारहरुले नेपालको बदलिँदो जनसाङ्ख्यिक संरचना र स्वरुपअनुसार निजामती सेवालाई समयसापेक्ष र जनमुखी बनाउन जनसङ्ख्याको बनावट, औसत आयु र श्रमिकको उपलब्धतालगायत पक्षलाई गहिरोसँग अध्ययन गर्न सुझाएका छन् ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि जनसङ्ख्या बनावटका सन्दर्भमा सुझाव दिँदै विज्ञ चेतन अधिकारीले राज्यलाई पर्ने आर्थिक भार, स्वास्थ्य सेवाको अवस्था र सेवाको प्रकृतिका आधारमा कर्मचारीको अवकाशको उमेर निर्धारण गर्न उचित हुने धारणा राख्नुभयो ।

शिक्षा, स्वास्थ्य, प्रतिव्यक्ति आय, जीवनशैली, यातायात तथा सञ्चारका सुविधाका कारण नेपालीको औसत आयु बढेको उल्लेख गर्दै अधिकारीले शारीरिक भन्दापनि मानिसक र नीतिगत अभ्यास गर्ने थलो निजामती सेवा भएकाले कर्मचारीको उमेरहद ६३ वर्ष बनाउँदा हुने बताउनुभयो ।

निजामती सेवा बृहत रोजागरी उपलब्ध गराउने क्षेत्र नभई सार्वजनिक प्रशासनलाई क्षमतावान् र जनतालाई छिटो सेवा प्रवाह गर्ने इकाइ भएकाले यसलाई रोजगारी सिर्जनाको आधार मान्नु नहुने उहाँको भनाइ थियो ।

"यदि ५८ वर्षमा नै निजामती कर्मचारीको सृजनशीलता, शारीरिक तन्दुरुस्ती र कामप्रतिको लगाव कमजोर हुन्छ भनेर मान्ने हो भने सरकारले अवकाश दिनासाथ संवैधानिक आयोगका प्रमुख तथा सदस्य, राजदूत वा अन्य महत्वपूर्ण जिम्मेवारीमा पुनः नियुक्ति किन गरिन्छ ?",उहाँले प्रश्न गर्नुभयो ।

जनसङ्ख्याविद् दामोदर ज्ञवालीले निजामती कर्मचारीको सेवा प्रवेशलाई खुला गर्न सुझाव दिँदै उमेरको सीमा नराखी योग्यता र क्षमता

*बाँकी तीन पृष्ठमा*

## पक्षघातको औषधि निःशुल्क उपलब्ध हुँदै

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ माघ ।**

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलले नेपालमा निकै दुर्लभ पक्षघातको उपचारमा प्रयोग हुने निकै महँगो औषधि निःशुल्क उपलब्ध गराउने निर्णय गरेका छन् ।

समयमा पक्षघातको उपचार नहुँदा तथा जीवनरक्षा गर्ने औषधिको अभावमा हरेक वर्ष आठ सय जनाको ज्यान गइरहेको अवस्थामा गरी अमेरिका सरकारको सहयोगमा प्राप्त औषधि सङ्घीय तथा प्रदेश अस्पतालमार्फत निःशुल्क वितरण गरिने मन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ ।

मन्त्रालयका अनुसार रक्तचाप र मुटुसम्बन्धी समस्या भएका व्यक्तिमा पक्षघात हुने अवस्थामा औषधि प्राप्त नहुँदा ज्यान जाने जोखिम अधिक रहन्छ । 'थ्रोम्बोलाइटिक ड्रग्स' नामक औषधिको एक मात्रा सेवन गरेमा पक्षघातको सफल निदान हुनछ । एक मात्रा थ्रोम्बोलाइटिक ड्रग्सको मूल्य रु एक लाख ३८ हजार पर्ने गरेको छ ।

**सहिदहरूप्रति सम्मान गरौं**

- सहिदहरू राष्ट्रिय गौरव हुन्,
- सहिदहरूको बलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरू एकसाथ जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अपराध मुक्त समाज निर्माणमा सबैको सहयोग आवश्यक

समाजबाट अपराधलाई मुक्त गराउन सम्पूर्णको सहयोग आवश्यक छ । प्रहरीको एकल प्रयासले समाजबाट अपराध मुक्त हुन सक्दैन् । प्रहरी जनताको सेवक मात्र हो । उसलाई सूचना दिएर अपराधि गतिविधीप्रति निगरानी बढाउनुका अपराधीहरुलाई कानुनी कठघारामा उभ्याउन सक्छ । यस्ता सपनालाई साकार पार्न नेपाल प्रहरी दिनरात लागिपरेको छ । सप्तरी प्रहरीले विगतका समयमा अपराध गरेर फरार रहेका विभिन्न प्रतिवादी र अपराधमा संलग्नहरुलाई धमाधम पक्राउ गर्न लागिपरेको छ ।

यसरी प्रहरीले चलाएको अभियान सह्रानीय रहेको छ । यता समाजबाट अपराध मुक्त गर्ने कार्य प्रहरीको मात्र नभएर सिंगो समाजको पनि रहेको छ । यसका लागि सर्वप्रथम अपराधलाई निरुत्साहित गर्न सबैको सहयोग आवश्यक हुन्छ । अपराध मुक्त समाजको परिकल्पना गरेर मात्र नभएर यसको निराकरणप्रति पनि सबै सचेत हुनुपर्दछ ।

तसर्थ कुनै पनि अपराधलाई निरुत्साहित पार्न जनताले प्रहरीको सहयोग गर्नुपर्दछ । जनताको सेवा समर्पित प्रहरीको हौसला बढाउन सकिए पक्कै पनि समाजलाई अपराध मुक्त गर्न सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अर्थतन्त्र समृद्धिको ढोका, अनुगमन संयन्त्र

**डा दिनेशचन्द्र देवकोटा**
काठमाडौँ, ३ माघ (रासस) ।

अर्थतन्त्रका उत्पादन, लगानी, उपभोग, बचत, रोजगारी, आम्दानीको अवस्थालाई जनाउने क्षेत्र वास्तविक क्षेत्रको नामले चिनिन्छ । अर्थतन्त्रको आकार र यसमा भएको वृद्धिले अर्थतन्त्रको अवस्थालाई जनाउँछन् । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्रको आकार रु ५७ खर्ब चार अर्ब ८४ करोड पुग्ने प्रारम्भिक अनुमान छ । गत आव २०७९/८० मा अर्थतन्त्रको आकार रु ५३ खर्ब ४८ अर्ब रहने संशोधित अनुमान छ भने आव २०७८/७९ मा अर्थतन्त्रको आकार रु ४९ खर्ब ७६ अर्ब रहने अन्तिम विवरण सार्वजनिक भएको छ ।

त्यसैगरी आव २०८०/८१ को आर्थिक वृद्धिदर (जिडिपी वार्षिक वृद्धिदर) आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वृद्धिदर आव २०७९/८० मा आधारभूत मूल्यमा २.३ प्रतिशत र उपभोक्ताको मूल्यमा १.९५ प्रतिशत हुने संशोधित अनुमान छ । अन्तिम तथ्याङ्कअनुसार आव २०७८/७९ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ५.२८ प्रतिशत र उपभोक्ताको मूल्यमा ५.६३ प्रतिशत कायम गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ असोज ३० गते प्रकाशित गरेको तथ्याङ्कअनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादन अघिल्लो आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिकको तुलनामा आव २०८०/८१ को चौथो त्रयमासमा आधारभूत मूल्यमा २.१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ । यो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि तथा पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कुल मूल्य अभिवृद्धिमा भएको बढोत्तरी प्रमुख कारक रहेका छन् । यस अतिरिक्त व्यापार क्षेत्रमा भएको वृद्धि, यातायातमा भएको वृद्धि, सार्वजनिक प्रशासनमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो । साथै, आव २०७९/८० सम्म मुलुकको बेरोजगारी दर ११.४ प्रतिशत रहेको पाइन्छ ।

**सरकारी क्षेत्र**

सरकारी क्षेत्र (बजेट) २०८१ जेठ १५ गते नेपाल सरकारले सङ्घीय संसद्मा पेश गरेको आव २०८१/८२ को बजेटमा कुल खर्च रु १८ खर्ब ६० अर्ब ३० करोड, चालु खर्च रु ११ खर्ब ४० अर्ब ६६ करोड, पुँजीगत खर्च रु तीन खर्ब ५२ अर्ब ३५ करोड, वित्तीय व्यवस्था खर्च रु तीन खर्ब ६७ अर्ब २८ करोड र राजस्व परिचालन रु १२ खर्ब ६० अर्ब ३० करोड, वैदेशिक अनुदान रु ५२ अर्ब ३३ करोड, वैदेशिक ऋण रु दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋण रु तीन खर्ब ३० अर्ब हुने अनुमान गरिएको थियो ।

नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको २०८१/८२ को कात्तिक महिनाको तथ्याङ्कअनुसार नेपाल सरकारको कुल खर्च रु चार सय १५ अर्ब २ करोड, चालु खर्च रु दुई सय ९२ अर्ब ५३ करोड, पुँजीगत खर्च रु ३४ अर्ब ५३ करोड, वित्तीय व्यवस्था खर्च रु ८७ अर्ब ९६ करोड रहेको छ । गत आवको सोही अवधिमा नेपाल सरकारको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्च क्रमशः रु तीन सय ५५ अर्ब ६३ करोड, रु दुई सय ७१ अर्ब १७ करोड, रु २९ अर्ब ९९ करोड र रु ५४ अर्ब ४७ करोड रहेको थियो । नेपाल सरकारको गत आवको कुल खर्च र पुँजीगत खर्चको आधारमा चालु आव रु २०८१/८२ को कुल खर्च र पुँजीगत खर्चमा बढोत्तरी हुन सुखद पक्ष हो ।

त्यसैगरी चालु आव २०८१/८२ को कात्तिकसम्म नेपाल सरकारको राजस्व आम्दानी रु तीन सय २३ अर्ब २४ करोड पुगेको छ भने गत आव २०८०/८१ को कात्तिकसम्म नेपाल सरकारको राजस्व आम्दानी रु दुई सय ७६ अर्ब ६४ करोड रहेको थियो । राजस्व आम्दानीको आधारमा सरकारको वित्तीय अवस्थामा सुधार भएको पाइन्छ । साथै, चालु आव २०८१/८२ को असोजसम्म नेपाल सरकारले बैदशिक ऋणबापत रु २१ अर्ब ३२ करोड र आन्तरिक ऋणबापत रु एक खर्ब १५ अर्ब प्राप्त गरेकामा गत आव २०८०/८१ को असोजसम्म वैदशिक ऋणबापत रु नौ अर्ब ४७ करोड र आन्तरिक ऋणबापत रु ९७ अर्ब ३१ करोड प्राप्त गरेको छ । ऋण आम्दानीको आधारमा सरकारको स्रोत यस वर्षको सोही अवधिमा सुदृढ देखिन्छ ।

**वाह्य क्षेत्र**

वाह्य क्षेत्रअन्तर्गत मुलुकको शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिको अवस्था पर्दछ । नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको तथ्याङ्कअनुसार चालु आव २०८१/८२ को कात्तिकसम्ममा वस्तु निर्यात रु ५२ अर्ब ६७ करोड, वस्तु आयात रु ५१३ अर्ब ३९ करोड र कुल वस्तु व्यापार घाटा रु ४६० अर्ब ७२ करोड रहेकोमा गत आवको कात्तिक मसान्तसम्ममा वस्तु निर्यात रु ५० अर्ब ५७ करोड, वस्तु आयात रु ५१२ अर्ब ५० करोड र कुल वस्तु व्यापार घाटा रु ४६१ अर्ब ९४ करोड रहेको थियो । गत आवको सोही अवधिको तुलनामा चालु आवमा निर्यात र व्यापार घाटामा सुधार भएको देखिन्छ भने आयातमा झिनो अङ्कले मात्र वृद्धि भएको छ । साथै, चालु आव २०८१/८२ को कात्तिकसम्ममा विप्रेषण आप्रवाह रु ५२१ अर्ब ६३ करोड, चालु खाता १४३ अर्ब ४२ करोडले वचत, शोधनान्तर स्थिति रु २०५ अर्ब ८३ करोडले वचत र विदेशी विनिमय सञ्चिति रु २२५५ अर्ब ३५ करोड रहेको छ ।

गत आव २०८०/८१ को कात्तिकसम्ममा बिप्रेषण आप्रवाह रु ४७७ अर्ब ९६ करोड, चालु खाता रु ९७ अर्ब १० करोडले वचत, शोधनान्तर स्थिति रु १५० अर्ब २४ करोडले वचत र विदेशी विनिमय सञ्चिति रु १६९६ अर्ब ७८ करोड रहेको थियो । विप्रेषण, चालु खाता वचत, शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिको अवस्था गत आर्थिक वर्षको सोही अवधिभन्दा मुलुकको चालु आर्थिक वर्षमा अझ सुदृढ रहेको छ । मुलुकमा २०८१ कात्तिक मसान्तसम्ममा भएको विदेशी मुद्रा सञ्चितिले १५.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्था छ ।

**वित्तीय क्षेत्रको अवस्था**

चालु आव २०८१/८२ को कात्तिकसम्ममा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुमा कुल रु ६६ खर्ब ४४ अर्ब २३ करोड निक्षेप रहेको छ भने तिनै संस्थाबाट रु ५९ खर्ब १२ अर्ब ७९ करोड कर्जा प्रवाह भएको देखिन्छ । यसबाट के बुझिन्छ भने बैङ्क तथा वित्तीय संस्थाहरुमा अझ पनि लगानीयोग्य साधन लगानी हुन नसकेर थुप्रिएको अवस्था छ । बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप तथा कर्जाको व्याजदर पनि घटेको अवस्था छ । बैङ्क तथा वित्तीय संस्थाहरुको निस्क्रिय कर्जाको अवस्था ३.६६ प्रतिशत रहेको छ । हाल निक्षेपको औसत व्याजदर ५.०१ प्रतिशत र कर्जाको औसत व्याजदर ९.०७ प्रतिशत रहेको छ । वित्तीय पहुँचको अवस्था पनि बढिरहको छ । निक्षेप खाता सङ्ख्या, कर्जा खाता सङ्ख्या, डिजिटल बैङ्किङको प्रयोगकर्ताको सङ्ख्या बढिरहेको छ । मुलुकको पूरानो र ठूलो बैंक राष्ट्रिय वाणिज्य बैङ्कको निक्षेपको तुलनामा कर्जा प्रवाहको अवस्था कमजोर रहेको छ । बैंकको ठूलो लगानीयोग्य साधन निस्क्रिय अवस्थामा रहेको छ । राष्ट्रिय वाणिज्य बैंकको चालु आवको कात्तिकसम्म निक्षेप रु चार खर्ब २८ अर्ब ८० करोड र कर्जा प्रवाह रु दुई खर्ब ६७ अर्ब १५ करोड रहनुले बैंकको कर्जा प्रवाह कम हुन गई नाफासमेतमा सङ्कुचन हुने देखिन्छ ।

**अर्थतन्त्र कार्यान्वयन समस्या**

नेपाल सरकारको पुँजीगत खर्चमा बढोत्तरी नहुनु, मुलुकको निर्यात क्षमता न्यून र आयात अत्याधिक हुन गई उच्च व्यापार घाटा हुनु, बैंक तथा वित्तीय संस्थाबाट निक्षेप

*बाँकी तीन पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# मुलुकका विभिन्न स्थानमा आगलागी हुँदा करोडौंको क्षति

काठमाडौँ, ३ माघ (रासस) ।
सङ्खुवासभाको सभापोखरी गाउँपालिका-६ बाह्रबिसे बजारमा बुधबार दिउँसो भएको आगलागीबाट रु दुई करोड बढीको क्षति भएको अनुमान गरिएको छ । आगलागीबाट बाह्रबिसेमा पाँच वटा घर जलेर नष्ट भएका हुन् ।

आगो नेपाली सेना, प्रहरी र स्थानीयको सक्रियतामा निभाइएको थियो ।
गाउँपालिकाका अध्यक्ष भिम सिङ्थाका अनुसार पाँच घर जलेर नष्ट हुनुका साथै घरमा रहेका गरगहना, लत्ताकपडा र खाद्यान्न कसैले झिक्न पाएनन् ।
आगलागी पीडितलाई सभापोखरी गाउँपालिकाले राहत वितरण गरेको छ ।
गाउँपालिकाले पीडितलाई दुई थान ओड्ने र ओछ्याउने कपडा, भान्सामा प्रयोग हुने सामाग्री र खाद्यान्न वितरण गरेको अध्यक्ष सिङ्थाले बताउनुभयो ।
अग्नी पीडित आफन्त र छिमेकीको घरमा बसेका छन् । आगलागीबाट रामबहादुर राई, अमृता राई, लालसिंह लिम्बु, शुशिल तामाङ र निर्मला कालाखेतीको घर जलेको प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताउनुभयो । आगलागीबाट पाँच घरका कम्तिमा १७ जना विस्थापित भएका छन् ।

बुधवार दिउँसो क रामबहादुर राईको घरबाट आगलागी सुरु भएको थियो । आगलागीबाट मानवीय क्षति भने भएको छैन । आगलागीबाट भएको क्षतिको यकिन विवरण सङ्कलन नभएको प्रहरीले जनाएको छ ।

सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-३ गैरीस्थित मुक्ति बास्तोलाको घरमा नेचासल्यान-३ बस्ने रमेश बास्तोलाले सञ्चालन गर्नुभएको होटलमा विद्युत् सर्ट भई बुधबार साँझ आगलागी हुँदा घर, घरभित्र रहेका लत्ताकपडा, भाँडा, अन्नपात, गरगहनालगायत अन्य सामाग्री पूर्णरूपमा जलेर नष्ट भएका छन् । उक्त आगलागीबा करिब रु २३ लाख बराबरको धनमाल नष्ट भएको प्रहरीले अनुमान गरेको छ ।

त्यस्तै, खोटाङको बराहपोखरी गाउँपालिका-५ मौवाबोटे बस्ने ८१ वर्षीय पदमबहादुर राईको घरमा बुधबार दिउँसो आगलागी हुँदा नगद, सुनका गरगहाना, अन्नपात, लत्ताकपडा, भाँडासहित करिब रु आठ लाख २२ हजार बराबरको धनमाल जलेर नष्ट भएको छ ।

पर्वतको कुश्मा नगरपालिका-४ जिरो किमीस्थित हरी श्रेष्ठको कालिका कपास फ्याक्ट्रीमा विद्युत सर्ट भई बुधबार बेलुकी आगलागी हुँदा फ्याक्ट्री पूर्णरूपमा जलेर नष्ट भएको छ । आगलागीबाट भएको क्षतिको विवरण सङ्कलन भइनसकेको प्रहरीले जनाएको छ ।

मोरङको सुन्दरहरैँचा नगरपालिका-९ झरनापुलस्थित टप क्वालिटी पार्ट्स सेन्टर ग्यारेजमा मर्मत गरिरहेको अवस्थामा को १ च ६६१० नम्बरको कारमा ब्याट्रीको तार सर्ट भई बुधबार राति आगलागी हुँदा कार पूर्णरूपमा जलेर नष्ट भएको छ । उक्त आगलागीबाट करिब रु २५ लाख बराबरको क्षति भएको छ । प्रहरीले स्थानीय तथा दमकलको सहयोगमा आगो निभाइनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### 'निजामती सेवालाई ...

तोक्न सकिने बताउनुभयो । उहाँले निजमती कर्मचारीको अधिकृतस्तरको योग्यता स्नातकोत्तर बनाउन सुझाव दिनुभयो ।

नेपालको जनसङ्ख्याको विद्यमान बनावटबाट सङ्घीय निजामती सेवामा पर्न सक्ने प्रभावका बारेमा समितिले बिहीबार जनसङ्ख्या क्षेत्रका जानकारसँग छलफल गरेको हो । समितिले यसअघि सो विधेयकका सम्बन्धमा लोक सेवा आयोग, कर्मचारी ट्रेड युनियन, राजनीतिक दलका प्रमुख सचेतक, संशोधनकर्ता सांसदसँग छलफल गरिसकेको छ ।

### मुआब्जा समस्या ...

दिइएको जग्गामा तीन वर्षको मूल्यवृद्धि जोडेर मुआब्जा पाउनुपर्ने उनको भनाइ छ ।

रेल विभागले सीमाङ्कन बिनै टेन्डर गरिदिँदा स्थानीयवासीको जग्गाहरू जथाभावी अधिग्रहण गरेका छन् । एउटै मापदण्डमा परेका जग्गाहरूको मुआब्जा आफूखुसी फरक-फरक दरमा दिइएको छ । कतिलाई समयमै मुआब्जा दिइएको छ भने कतिलाई वर्षौं धाउँदासमेत मुआब्जा उपलब्ध नगराउँदा उनीहरू आन्दोलित नै छन् ।

यसले स्थानीय जनता लामो समयदेखि समस्यामा परेको भन्दै पटकपटक आन्दोलन गरिरहेका छन् । अधिग्रहण गरेको जग्गा कति हो भन्ने यकिन र सीमाङ्कन नगरी हतार-हतारमा टेन्डर प्रक्रिया थाल्नुले विभागको नियतमा शङ्का उत्पन्न भइरहेको बर्दिबासका स्थानीयवासीहरु बताउँछन् ।

### अर्थतन्त्र समृद्धिको ...

सङ्कलनको तुलनामा कर्जा प्रवाहमा कमी हुनु, मुलुकमा रहेका उद्योग कलकारखाना पूर्ण क्षमतामा नचल्नु, मुलुकको लाखौंको सक्रिय जनसङ्ख्या मुलुकबाहिर रहनुजस्ता कारणले आर्थिक वृद्धिदर उत्साहजनक रहने गरेको छैन । हाम्रो मूल समस्या भनेको नीति, कार्यक्रम तथा बजेट राम्रो आउने तर त्यो कार्यान्वयनचाहि हुने नसक्ने हो ।

विदेशी दिएका सहयोग पनि समयमा खर्च हुन सकेको छैन । यता पैसा खर्च हुन नसक्ने, उता जनताले राहत नपाउने विडम्बना छ जसले विकासलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको छ । अहिले नेपालको सबैभन्दा ठूलो अभाव अनुगमनको हो । अझ त्योभन्दा महत्वपूर्ण दण्ड र पुरस्कारको यथोचित व्यवस्थाको अभाव पनि हो । तसर्थ, अहिले नेपालको चुनौती भनेको पुँजीलाई नेपालमा विकास गर्ने क्रममा पनि गरिब र विपन्न वर्गको पक्षमा काम गर्नसक्ने बनाउदै लैजानुपर्छ । मेगा प्रोजेक्टका लागि ठूलो पुजी र प्रविधि आवश्यक पर्छ । त्यो नेपाल बाहिरबाट पनि लिनुपर्ने हुन्छ । तर, त्यसरी लिंदा बहुराष्ट्रिय संस्था वा कम्पनीहरुको स्वार्थका आधारमा होइन, हाम्रो आवश्यकताअनुसार ल्याउनुपर्छ । समाजवादोन्मुख अर्थतन्त्र भनिरहँदा हामीले नेपाल अब सङ्घीय संरचनामा छ भन्ने भुल्नु हुँदैन ।

#### नयाँ संयन्त्र, समृद्धिको ढोका

नयाँ संविधानमार्फत् २४० वर्षको निरङ्कुश राजतन्त्रात्मक व्यवस्था अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्था प्राप्त भएको छ । नयाँ संविधानपछि आर्थिक कार्यक्रमको हकमा नयाँ संविधानले समाजवादोन्मुख अर्थतन्त्र, समाजवादतिर उन्मुखको अर्थ गरिब, विपन्न, अप्ठ्यारोमा परेको, पछाडि पारिएको वर्गको पक्षमा, महिला तथा अपाङ्गको पक्षमा, केटाकेटी र बृद्धबृद्धाको पक्षमा सामाजिक सुरक्षाका प्रावधानलाई लिएर जाने हो । तर, त्यसलाई अघि लिएर जाँदा मेगा प्रोजेक्टलाई पनि सँगसँगै लैजानुपर्छ ।

हामीले छलाङ मार्ने किसिमले काम गर्न सकेनौं भने विकासलाई अगाडि बढाउन सक्दैनौं । तसर्थ, खर्च गर्न पनि नयाँ संयन्त्रको विकास गर्न जरुरी छ । हामी सङ्घीय तथा प्रादेशिक संरचनामा छौं । नीति, कार्यक्रम तथा बजेटलाई प्रदेश र स्थानीय निकाय अनुसार ढाल्नुपर्छ । सङ्घीय, प्रदेश र स्थानीय निकायमा रहेका सम्भावनाहरुलाई कार्यान्वयनमा ल्याउने र देखिएका चुनौतीहरुको कुशल व्यवस्थापनमार्फत प्रदेश र स्थानीयको समृद्धिको ढोका खोल्न सक्नुपर्दछ । सदाचारिता, पारदर्शीता र जवाफदेहीताको प्रवर्द्धनमा सरकार लाग्नुपर्ने देखिन्छ । (लेखक बागमती प्रदेशसभा सदस्य, नेपाल बुद्धिजीवी परिषद्का अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुनुहुन्छ)


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### गाजामा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता भएको कतार र अमेरिकाद्वारा जानकारी

दोहा, ३ माघ (रासस/एएफपी) ।
इजरायल र हमासबीच युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता भएको छ । कतार र संयुक्त राज्य अमेरिकाले गाजा युद्धविरामबारे बुधबार घोषणा गर्दै यसले गाजामा जारी युद्धको स्थायी अन्त्यका लागि मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गरेका छन् । कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीले बुधबार एक पत्रकार सम्मेलनमा गाजा पट्टीका दुई लडाकूबीच सम्झौता भएको र उनीहरुबीचको युद्धविराम आइतबारदेखि लागू हुने बताएका छन् । उहाँले भन्नुभयो, "हामी आशा गर्दछौं कि यो युद्धको अन्तिम चरण हुनेछ । सबै पक्षहरू यस सम्झौताका सबै सर्तहरू कार्यान्वयन गर्न प्रतिबद्ध हुनेछन् भन्नेमा हामी पूर्णतया विश्वस्त छौं ।"

मध्यस्थताकर्ताहरूले सम्झौता भएको बताएपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले सम्झौताका 'अन्तिम विषयमा' मा काम भइरहेको बताएको छ । नेतन्याहूले बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेन र नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग कुराकानी गरी सम्झौतामा सहयोग गरेकोमा धन्यवाद व्यक्त गर्नुभएको छ । इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले सन् २०२३ को अक्टोबर ७ मा हमासको नेतृत्वमा भएको आक्रमणका क्रममा बन्धक बनाइएकाहरूलाई फिर्ता ल्याउनका लागि यो सम्झौता 'सही कदम' भएको बताएका छन् ।

इजरायलको इतिहासमै सबैभन्दा घातक उक्त आक्रमणमा परी एक हजार २१० जनाको मृत्यु भएको थियो । हमास आक्रमणको बदलामा इजरायलले गाजामा चलाएको कारबाहीमा गाजाको अधिकांश भाग ध्वस्त बनेको छ भने कारबाहीका क्रममा ४६ हजार ७०७ व्यक्तिको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले पुष्टि गरेको छ । मृतकमध्ये अधिकांश सर्वसाधारण रहेका छन् । गाजाको नागरिक सुरक्षा निकायले सम्झौताको घोषणापछि इजरायली आक्रमणमा कम्तिमा २० जनाको मृत्यु भएको जनाएको छ । यसैबीच बाइडेनले यो दिन आएकोमा आफू निकै सन्तुष्ट रहेको बताउँदै वार्तालाई आफ्नो करियरको 'सबैभन्दा कठिन' भएको बताएका छन् ।

उनले सम्झौताको दोस्रो चरणको सम्झौताले 'युद्धको स्थायी अन्त्य' गर्ने बताउँदै सम्झौता हुनेमा आफू विश्वस्त रहेको बताए । बन्धकहरूको रिहाईको माग गर्दै तेल अभिभमा प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरूले सम्झौताको समाचार सुनेपछि आपसमा अँगालो हाल्दै खुशी व्यक्त गरेका थिएभने गाजामा पनि हजारौंले सम्झौतापछि खुशियाली मनाएका थिए । "म विश्वास गर्न सक्दिन कि एक वर्ष भन्दा बढीको यो दुःस्वप्न अन्ततः समाप्त हुँदैछ। हामीले धेरै मानिस गुमाएका छौं, हामीले सबै कुरा गुमाएका छौं," गाजा शहरमा आफ्नो घरबाट विस्थापित ४५ वर्षीया रन्डा समीहले भन्नुभयो ।

हमासले युद्धविराम 'हाम्रा महान् प्यालेस्टाइनी जनताको महान् दृढता र गाजा पट्टीमा हाम्रो बहादुरीपूर्ण प्रतिरोधको परिणाम' भएको बताएको छ । मध्यस्थताकर्ता कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले सम्झौतालाई मजबुत बनाउने प्रयासलाई तीव्र बनाएपछि पछिल्ला दिनहरूमा युद्ध अन्त्य गर्न दबाब बढेको थियो । कतारका शेख मोहम्मदले कायरोस्थित एक निकायमार्फत तीनै देशले युद्धविराम कार्यान्वयनको अनुगमन गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रारम्भिक ४२ दिनको युद्धविरामको क्रममा महिला, बालबालिका र वृद्ध साथै बिरामी र घाइतेसहित ३३ जना बन्धकलाई रिहा गरिनेछ । साथै, पहिलो चरणमा इजरायली सेना गाजाको घना बस्ती भएका क्षेत्रहरूबाट पछि हट्नेछन् र आदानप्रदानका साथै 'विस्थापित मानिसहरूलाई उनीहरूको निवासमा फर्काइनेछ ।" दोस्रो र तेस्रो चरणमा इजरायली बन्धकहरूको बदलामा रिहा गरिने प्यालेस्टिनी कैदीहरूको सङ्ख्यालाई प्रारम्भिक युद्धविरामको ४२ दिनमा 'अन्तिम रूप' दिइने उहाँले बताउनुभयो ।

### बलिउड अभिनेता खान छुरा प्रहारबाट घाइते

मुम्बई, ३ माघ (रासस/एएनआई) ।
बलिउड अभिनेता सैफ अली खानमाथि छुरा प्रहार हुँदा उहाँ सख्त घाइते हुनुभएको छ । उहाँलाई धारिलो हतियारले आक्रमण हुँदा छ ठाउँमा चोट लागेको उहाँको उपचारमा संलग्न चिकित्सकले जनाएका छन् । अस्पतालले उहाँलाई लागेको चोटमध्ये दुई वटा गहिरो भएको र एउटा उहाँको मेरुदण्डनजिकै रहेको जनाएको छ । खानको बान्द्रास्थित 'सतगुरु शरण' भवनको १२ औं तलामा रहेको निवासमा बिहान करिब २:४५ बजेतिर एक घुसपैठिया र घरमा काम गर्ने एक महिलाबीच मुठभेड भएपछि छुट्याउने क्रममा चोट लागेको बताइएको छ ।

घटना बिहान करिब २:४५ बजेतिर भएको थियो । बलिउड अभिनेता खानको उपचारमा संलग्न लिलावती अस्पतालको चिकित्सकको टोलीले एक विज्ञप्ति जारी गर्दै उहाँको अवस्था खतरामुक्त रहेको र अहिले उहाँको स्वास्थ्यमा सुधार भइरहेको जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, "बलिउड अभिनेता सैफ अली खानको शल्यक्रिया सफल भएको छ । उहाँको स्वास्थ्यको प्रगतिको निगरानी उपचारमा संलग्न चिकित्सकहरूले गरिरहेका छन् ।" उहाँको परिवारका सबै सदस्य सुरक्षित रहेको प्रहरीले जनाएको छ । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ । अभिनेता खानमाथि भएको आक्रमणको अनुसन्धान टोलीमा रहेका मुम्बई प्रहरीको 'डीसीपी जोन ९' दिक्षित गेदामले घटनाको अनुसन्धान भइरहेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "घटनाबारे अनुसन्धान भइरहेको छ । अनुसन्धान भइरहेकोले घटनाबारे अहिले नै विस्तृत विवरण प्राप्त भइसकेको छैन । अनुसन्धानपछि सबै खुल्नेछ ।" लीलावती अस्पतालका चिफ अपरेटिङ अफिसर (सीओओ) डा. निरज उत्तमानीका अनुसार खानलाई बिहीबार बिहान ३ बजे अस्पताल ल्याइएको थियो ।

# निर्माण उद्योगका समस्या समाधानका लागि गम्भीर बन्न महासंघको आग्रह

काठमाडौँ, ३ माघ (रासस)।

नेपाल निर्माण व्यवसायी महासङ्घले सरकारलाई निर्माण उद्योगका विद्यमान समस्याका समाधानका लागि गम्भीर बन्न आग्रह गरेको छ। बुधबार महासङ्घ सचिवालयमा पत्रकार सम्मेलन गर्दै महासङ्घ अध्यक्ष रवि सिंहले गत पुस २७ गते राजधानीमा सम्पन्न राष्ट्रिय भेलाबाट पारित १४ बुँदे माग सार्वजनिक गर्दै यस्तो आग्रह गर्नुभएको हो।

आफ्ना माग पूरा गराउन महासङ्घले माघ ३ देखि सातसम्म प्रधानमन्त्री, उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, विभिन्न राजनीतिक दलका अध्यक्षहरू, सम्बन्धित सङ्घीय सरकारी निकायमा ज्ञापनपत्र बुझाउने समेत उहाँले जानकारी दिनुभयो। सोही अवधिमा प्रदेश महासङ्घले सम्बन्धित मुख्यमन्त्री र जिल्ला सङ्घले माघ १५ गतेसम्मको अल्टिमेटमसहित सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

महासङ्घले माघ २१ गतेसम्म आफ्ना मागबारे ध्यानाकर्षण गराउन विभिन्न स्वरूका कार्यक्रम गर्ने र तत्पश्चात् पनि माग पूरा नभए राष्ट्रिय गौरवका आयोजनासहित सबै खालका निर्माण कार्य रोक्नेसम्मका गतिविधि अगाडि बढाइने निर्णय भएको महासङ्घका अध्यक्ष रवि सिंहले बताउनुभयो।

उहाँले दबाब सिर्जनाका लागि विभिन्न स्वरूपका कार्यक्रम सार्वजनिक गरिए पनि आफूहरू अझै वार्ता र संवादकै पक्षमा रहेको स्पष्ट पार्नुभयो। निर्माण उद्योग शिथिल भएकै कारण मुलुकको समग्र अर्थतन्त्रमा नकारात्मक असर परेको र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको मारमा आमउपभोक्ता पनि परेको महासङ्घले जनाएको छ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (एडी)ले निर्माण उद्योगका समस्याबारे राज्य संवेदनशील बन्नुपर्नेमा जोड दिनुभयो। महासचिव रोशन दाहालले महासङ्घले अघि सारेका १४ बुँदे माग अविलम्ब पूरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

# कवाड व्यवसाय सहज सञ्चालन गर्ने वातावरण बनाइदिन मधेश प्रदेशको आग्रह

काठमाडौँ, ३ माघ (रासस)।

मधेश प्रदेश सरकारले कवाड व्यवसायीको सम्मान, मर्यादा र जीविकोपार्जनप्रति सदाशयता प्रकट गर्दै सरल तथा सहज ढङ्गले व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन काठमाडौँ महानगरपालिकासँग आग्रह गरेको छ।

कवाड व्यवसायी समाज नेपालले मुख्यमन्त्री सतिशकुमार सिँहलाई ज्ञापनपत्र बुझाएपछि बुधबार उहाँका प्रेस सल्लाहकार अनिलकुमार कर्णले विज्ञप्तिमार्फत यस्तो आग्रह गर्नुभएको हो।

विधि तथा प्रक्रियाअनुसार सम्बन्धित सरकारी निकायमा दर्ता गरी करसमेत तिर्ने दायित्व निर्वाह गर्दै आएका कवाड व्यवसायी र यस व्यवसायमा आश्रित श्रमिकलाई रोजगारविहीन बनाउने गरी महानगरपालिकाले गरेको भनिएको व्यवहार चिन्ताजनक रहेको विज्ञप्तिमा उल्लेख छ।

व्यवसायलाई सुरक्षित, जोखिमरहित तथा मर्यादित बनाउन मापदण्ड निर्धारण गरेर कडाइका साथ पालना गराउने विकल्प रहँदा पनि घरघर पुगेर पुनः प्रयोगयोग्य फोहोर सङ्कलन, निर्यात र प्रशोधन गर्ने कवाड व्यवसायीलाई विस्थापित गराउने प्रयास उचित नभएको विज्ञप्ति जनाइएको छ।

# वरिष्ठ अधिवक्तामाथि भएको आक्रमणको निन्दा

काठमाडौँ, ३ माघ (रासस)।

डेमोक्र्याटिक लयर्स एसोसियशन (डिएलए) नेपालले अदालतभित्र वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको आक्रमणको निन्दा गर्दै यो कानुनी शासन र लोकतान्त्रिक पद्दती विपरित भएको जनाएको छ।

डिएलएका अध्यक्ष वरिष्ठ अधिवक्ता सीताराम केसी र महासचिव अधिवक्ता ज्ञानेन्द्रप्रसाद अधिकारीद्वारा आज जारी प्रेस विज्ञप्तीमा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको मुद्दामा पीडितको तर्फबाट बहसपैरवी गरी अदालतबाट बाहिरिने क्रममा भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

"कानुन व्यवसाय स्वतन्त्र न्यायपालिकाको अङ्ग हो, अदालतमा उपस्थित भई पक्षको तर्फबाट स्वतन्त्र र निर्भीक रूपमा बहसपैरवी गर्नु कानुन व्यवसायीको संवैधानिक तथा कानुनी अधिकार हो", डिएलएद्वारा जारी विज्ञप्तीमा भनिएको छ।

डिएलए नेपालले काठमाडौँ जिल्ला अदालतबाट बाहिरिने क्रममा हुलदङ्गा, लछारपसार, कुटपीट तथा नाराबाजी गर्नु स्वतन्त्र न्यायपालिका, कानुनी शासन र लोकतान्त्रिक पद्दती विपरित भएको जनाएको छ। यस्तो गतिविधिमा संलग्न हुनु गैरकानुनी भएको भन्दै डिएलएले सोको भर्त्सना गरेको छ।

वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि आक्रमण गर्ने व्यक्तिको पहिचानसहित तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न डिएलए नेपालले विज्ञप्तीमार्फत सरकारसँग अनुरोध गरेको छ।

# लहानका सबै वडा कार्यालयका सेवा अब आफ्नै भवनबाट

सिरहा, ३ पुस (रासस)।

सिरहाको लहान नगरपालिकाका सबै वडा कार्यालयले अब आफ्नै भवनबाट सेवा प्रवाह गर्न थालेका छन्। बुधबारदेखि वडा नं ११ ले आफ्नै भवनबाट सेवा प्रारम्भ गरेसँगै नगरमा रहेका सबै २४ वटै वडाले आफ्नै भवनबाट सेवा प्रवाह गर्न थालेका हुन्।

यस वडाले स्थापनाको आठ वर्षसम्म भाडाको घरमा रहेर जनतालाई सेवा दिँदै आएको थियो। बुधबार भवनको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले यस कार्यले जनतालाई दिने सेवामा थप सहज भएको बताउनुभयो। उहाँले सबै वडा कार्यालयले आफ्नै भवनबाट सेवा प्रदान गर्ने अवस्था बनेको बताउनुभयो। "भाडामा सञ्चालन भएका वडा कार्यालयहरू अब छैनन्। बुधबार वडा नं ११ को कार्यालयको आफ्नै भवन बनेसँगै नगरका सबै वडाको आफ्नै भवन भएको छ। यसले सेवा प्रवाहमा थप सहजता आउने विश्वास लिएको छु", नगरप्रमुख चौधरीले भन्नुभयो।

यसअघि १३ वटा वडा कार्यालय नवनिर्मित भवनहरूको आफूले उद्घाटन गरिसकेको उहाँले जानकारी दिनुभयो। लहान नगरपालिकामा २४ वडा रहेका छन्। आफ्नै भवन निर्माण गरी जनतालाई सेवा प्रवाह गर्न प्राथमिकता दिएका कारण क्रमशः नगरका सबै वडा आफ्नै भवनबाट सुविधा दिने अवस्थामा पुगेको नगरप्रमुख चौधरीको भनाइ थियो। उहाँले नगरभित्र रहेका जनतालाई सहज सुविधा प्रदान गर्न नगरपालिका लागिपर्ने प्रतिबद्धता जनाउनुभयो।

आठ वर्षपछि आफ्नै भवनको वडा कार्यालयबाट सेवा प्रवाह गर्न पाउँदा खुसी लागेको वडाअध्यक्ष सूर्यनारायण चौधरीले बताउनुभयो। नगरपालिकाको करिब रु ५० लाखको लागतमा भवन निर्माण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले जानकारी दिनुभयो।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*